नमस्कार।

यो सुनुवाइले तपाई आज घर जान सक्नु हुन्छ कि, वा तपाईलाई हिरासतमा रहनु राम्रो हुन्छ वा कुनै अन्य विकल्पहरूमा राख्नु उपयुक्त छ कि छैन भन्ने निर्णय गर्नको लागि हो।

आजको सुनुवाइमा तपाईलाई यदि अदालतले निर्णय गर्छ कि तपाईले कथित अपराध गरेको भन्दा बढी सम्भावना छ, वा यदि अदालतले तपाईको सुरक्षा वा अरुको सुरक्षाको लागि तपाईलाई आज घर जान छोड्न अनुमति दिनु हुँदैन भन्ने ठान्छ भने। वैकल्पिक रूपमा, अदालत वा न्यायिक रेफरीले तपाईंलाई हिरासतमा रहन वा अर्को उपयुक्त स्थानमा स्थानान्तरण गर्ने निर्णय गर्न सक्छ।

यस अदालतले तपाईंलाई केही सर्तहरूको राखेर मात्र, तपाईंलाई घर फर्कन अनुमति दिन सक्छ। यस अदालतले तपाईं माथि केही सर्तहरू लागू गर्न सकिन्छ, जस्तै तपाईंले आफ्नो घर कहिले र किन छोड्न सक्नु हुन्छ भन्ने सीमितताहरू, तपाईं को सँग बस्न सक्नु हुन्छ भन्नेमा प्रतिबन्धहरू, इलेक्ट्रोनिक अनुगमन यन्त्रको प्रयोग, वा तपाईंको आमाबाबु वा अभिभावकलाई तपाईं माथी थप नजर राख्नको लागि आवश्यकता सुपरिवेक्षण प्रदान गर्न आवश्यक पर्ने कुराहरू समावेश हुन सक्छन्।

यदि अदालतले आज तपाइँलाई पर्याप्त उचित हेरचाह र सुपरिवेक्षण गर्न सक्ने कोही छैन भन्ने निर्णय गर्छ भने, तिनीहरूले यो मुद्दाको सुनुवाइ स्थगित गर्न सक्छन्। यदि यस अदालतको न्यायाधीशले तपाईंको हेरचाह गर्न र पर्याप्त रूपमा पर्यवेक्षण गर्न सक्ने सक्षम कोही व्यक्ति छैन भन्ने ठहर गर्द छ। साथ-साथै यस अदालतको न्यायाधीश वा न्यायिक रेफरीले यो सुनुवाई समाप्त गर्न सक्छ, र न्यायाधीशले बच्चालाई सुरक्षाको आवश्यकता छ भनी मुद्दामा उल्लेख गर्न सक्छन्। त्यसपछि शेल्टर केयर हेरिंग (Shelter Care Hearing) को सुनुवाई सकेसम्म चाँडो भन्दा चाँडो, जुन ९६ घण्टा भन्दा अघि वा भित्र सुनुवाई निर्धारित गरिने छ। ९६ घण्टा बराबर ४ दिन, सप्ताहन्त र बिदाहरू बाहेक बराबर हुन्छ।

हामीले सुनुवाई सुरु गर्नु अघि तपाइँले निम्न अधिकारहरू बारे सचेत हुनु आवश्यक पर्छ। तपाईसँग तपाइँलाई अदालतमा प्रतिनिधित्व गर्ने वकिल रखने अधिकार रहेको हुंन्छ। नर्थ डकोटा कानून (North Dakota law) अन्तर्गत, यदि तपाइँलाई अदालतमा प्रतिनिधित्व गर्ने वकिल छैन भने तपाइँको लागि एक वकिल उपलब्ध गराउनु पर्छ।

यदि यस अदालतले तपाइँलाई प्रतिनिधित्व गर्नेको निम्ति वकिल नियुक्त गरे भने, न्यायाधीश वा न्यायिक रेफरीले तपाइँको आमाबाबु वा तपाइँको हेरचाहको जिम्मेवारीमा रहेको कुनै अन्य पक्षलाई तपाइँको वकिललाई नियुक्त वा भर्ती गर्दा लाग्ने कुनै पनि शुल्क वा लागत राज्यलाई फिर्ता गर्न आदेश दिन सक्छ।

यदि तपाईं कम्तिमा चौध वर्षको हुनु हुन्छ भने मात्र र अदालतले तपाईंले गरेको यो निर्णय आफैले स्वेच्छाले गर्नु भएको छ। साथ-साथै तपाईंले कानुनी प्रतिनिधित्व वकिल नभएको परिणामहरू बुझ्नु भएको छ भने मात्र तपाईंले वकिलको अधिकार त्याग्न वा त्याग गर्न सक्नु हुन्छ।

यदि तपाइँका आमाबाबु वा तपाइँको भलाइको लागि कानूनी रूपमा जिम्मेवार लिनु भएको कोही व्यक्ति हुनु हुन्छ भने, अदालतले अलग कानुनी प्रतिनिधित्व गर्ने वकिलको नियुक्त गर्न सक्छ। तर अदालतले त्यस्ता वकीलहरु अदालतको

प्रक्रियाको दुई विशिष्ट चरणहरूको सुनुवाइको लागि मात्र दिने छन्। ती दुई विशिष्ट चरणहरूमा डिटेंशन हेयरिंग (Detention Hearing), जुन अदालतले निर्णय गर्छ कि बच्चाले आफ़नो घर जान पाउछ किं पाऊदैन भनेर निर्णय गर्दछ। साथ-साथै, डिस्पोजेसन सुनुवाइ (Disposition Hearing) भनेको अपराधको दोषी ठहरिएको वयस्कको लागि, सजाय सुनुवाइको सरह मानिन्ने सुनुवाएको रूपमा नै मानिन्छ।

अदालतले नियुक्त गरेको वकिल प्राप्त गर्नको लागि तपाईंले आफ्नो आम्दानीको आधारमा एउटा आवेदन पेश गर्नु पर्छ र न्यायाधीश वा न्यायिक रेफरीबाट वकिलको लागि योग्य हुनु हुन्छ भनी निर्धारण गर्नु पर्छ। प्रक्रियाको बाँकी चरणहरूमा, तपाईंको अभिभावक वा अन्य पक्षहरूले वकील आफ्नै खर्चमा राख्न सक्छन्, तर तिनीहरू यसको लागि भुक्तान गर्न आफ्नै जिम्मेवार हुने छन्।

केही कानुनी आवश्यकताहरू पालना गर्नु आवश्यक हुन्छ, जसमा अदालतको आदेश बिना बालबालिकालाई कानुनले दिएको अनुमति भन्दा बढी समय थुनामा राख्न पाइँदैन। ती पूर्वशर्तहरूको कारणले गर्दा, तपाईंको आमाबाबु वा अभिभावकले आज वकिलको लागि आवेदन दिए वा आफ्नै खर्चमा निजी वकील नियुक्त गर्ने निर्णय गरे तापनि, अदालतले अझै पनि तपाईं घर जान सक्नु हुन्छ कि हुदैन भन्ने निर्णय गर्नको लागि आज सुनुवाइ गर्न आवश्यक हुने छ। यदि तपाईंको आमाबाबु वा अभिभावकहरूलाई आज न्यायाधीश वा न्यायिक रेफरीको निर्णय सहमत छैन उहाँहरूले त्यो निर्णय पुन: पुनरावलोकन गर्न सुनुवाइको लागि अनुरोध गर्न सक्छन्।

तपाईंसँग तपाईंलाई थप हिरासत बस्न आवश्यक छ कि छैन भन्ने विषयमा निर्धारण गर्न अर्को सुनुवाइ अनुरोध गर्ने अधिकार रहयोको हुन्छ। तपाईंसँग तपाईं विरुद्ध लगाइएको अपराधिक व्यवहारको कुनै पनि आरोपको सम्बन्धमा, मौन बस्ने अधिकार रहयोको हुन्छ।

यस अदालतको कार्यवाहीमा तपाईं दोषी प्रमाणित नभए सम्म तपाईंलाई निर्दोष नै मानिन्छ। यसको मतलब यो हो कि तपाईंमाथि लगाइएका आरोपहरूबाट तपाईं निर्दोष हुनु हुन्छ भनी देखाउन तपाईंले प्रमाणहरू उपलब्ध गराउनु पर्दैन। यसको सट्टा, तपाईंलाई लगायेंको आरोप तपाईले नै गर्नु भयो हो भनेर, अदालतमा प्रमाणित गर्नु राज्यको जिम्मेवारी हो।

यस अदालतमा आजको न्यायिक रेफरी वा न्यायाधीशको कर्तव्यहरू मध्ये एक भनेको तपाईंले गरेको आरोप लागेका कुरामा विश्वास गर्ने कारण छ कि छैन भनी पहिचान गर्नु हो। सम्भावित कारणले के तपाईं दोषी हुनु हुन्छ भन्ने चाहीं होइन। यसको सीधा अर्थ केवल यो मात्र हो कि, न्यायाधीश वा न्यायिक रेफ्रीको अगाडि रहेको प्रमाणलाई ध्यानमा राख्दै, यो मान्न उचित छ कि तपाईले गरेको आचरण कसैले गरेको हो, र त्यो व्यक्ति तपाई नै हो भनेर मान्न उचित छ भनेर ठान्नलाई मात्र हो।

किन भने आज न्यायिक रेफरी वा न्यायाधीशले सम्भावित कारण मात्र हेरि रहेका हुन्छन। आज अदालतमा त्यस्तो प्रमाणहरू प्रस्तुत गर्ने वा साक्षीहरू गवाही दिने मौका हुने छैन। तर आज त्यस्तो हुने छैन, बरू पछि अदालती प्रक्रियामा दुवै राज्य र तपाईंले साक्षी र प्रमाण ल्याउने र आफ्नो पक्षको कथा बताउने मौका दिइने छ।

यदि आज अदालतले सम्भावित कारण फेला पार्छ भने न्यायाधीश वा न्यायिक रेफरीले निम्न मध्ये कुनै पनि कारबाही गर्न रोज्न सक्छन्:

- तपाइँलाई तपाइँको अभिभावक(हरू), संरक्षक(हरू), वा अन्य जिम्मेवार वयस्क जो तपाइँको हिरासतमा लिन सक्षम र इच्छुक छन् र जसले तपाइँलाई भविष्यका सबै सुनुवाइहरूको लागि अदालतमा फिर्ता ल्याउन प्रतिबद्ध छन्, भने मात्र तपाईंलाई उनीहरूको जिम्बावरीमा रिहा गरिने छन्।

- तपाईलाई केही सर्तहरूमा मात्र तपाइँलाई तपाइँको अभिभावक(हरू), संरक्षक(हरू), वा अन्य जिम्मेवार वयस्क व्यक्तिको जिम्बावरीमा रिहा गरिने छ, उदाहरण को लागी होम कन्फाइनमेंट (home confinement)। होम कन्फाइनमेंट (home confinement) मा वयस्क व्यक्तिले तपाईलाई निरन्तर सधैं सुपरिवेक्षण गर्नु पर्छ, र तपाईले अनुमति तोकिएको समय जस्तै आवश्यक भेटघाट, विद्यालय, वा निर्धारित भेटघाटहरूको लागि मात्र घर छोड्न सक्नु हुन्छ।

- होम कन्फाइनमेंट (home confinement) मा ब्रेसलेटको प्रयोग गरेर तपाईंको हरेक चालहरू ट्र्याक गर्ने गरिने छन्।

- अदालतको होम कन्फाइनमेंट (home confinement) को आदेशहरू तब सम्म लागू हुने छन् जब सम्म मुद्दाको ट्रायल (Trial) न सकुन्जेल र अदालतको अन्तिम निर्णय जारी नगरे सम्म मात्र रहन्छ।

- तपाईलाई यस अदालतले सुरक्षित सुविधामा निरन्तर कैद कायममा राख्ने आदेश दिन सक्छ।

यस राज्यको वकिलले तपाईं विरुद्ध उजूरी पाँच दिन भित्र निवेदन दायर गर्नु पर्ने छ। सामान्यतया निवेदन भनेको राज्यका वकिलले लेखेको कागजात हो। जसमा तपाईलाई के के मा आरोप लगाइएको छ भनी विस्तृत जानकारी प्रस्तुत गरेको हुन्छ। साथ साथै उनीहरूले घटनाको जानकारी याचिकामा विस्तृतमा समावेश गरिएको पनि हुन्छ।

यदि पाँच दिन भित्रमा मुद्दाको निवेदन पेश नगरेमा तपाई स्वतः हिरासतबाट मुक्त हुनु हुने छ।

यदि यो पाँच दिन भित्र निवेदन दायर गरिएको छैन भने, तब तपाई स्वतः तुरुन्तै हिरासतबाट छोडिने छ।

यदि यस अदालतमां तपाईंलाई न्यायिक रेफरी वा न्यायाधीशले थप हिरासतमा राख्ने आदेश दिएमा, आदेश सामान्यतया चौध दिन सम्ममा समाप्त हुन्छ।

यदि तपाइँसँग तपाइँको सुरक्षित रिहाईको लागि योजना छ भने, तपाइँ वा तपाइँका आमाबाबुले तपाइँले चाहेको बेला अर्को डिटेंशन हेरिंग (detention hearing) को लागि अनुरोध गर्न सक्नु हुन्छ। जसमा तपाइँको अर्को डिटेंशन हेरिंग (detention hearing) मा, तपाइँ सर्व साधरण जनताको सुरक्षाको लागि खतरामा पर्नु हुनु हुन्छ र कम प्रतिबन्धात्मक हुने अर्को कुनै विकल्प छैन भनेर राज्यले प्रमाणित गर्नु पर्छ। हिरासत आदेश लामो समय सम्म लागू भएको बावजुद पनि, यदि तपाइँसँग तपाइँको सुरक्षित रिहाईको लागि योजना छ जुन तपाइँ न्यायिक रेफरी वा न्यायाधीशले विचार गर्न चाहनु हुन्छ भने, तपाइँ वा तपाइँको आमाबाबुले कुनै पनि समयमा अर्को डिटेंशन हेरिंग (detention hearing) अनुरोध गर्न सक्नु हुन्छ। त्यसको लागि तपाइँले अदालतको क्लर्क वा जुवेनाइल अदालतको कार्यालयलाई पुनः सुनुवाईको अनुरोध गर्न सम्पर्क गर्न सक्नु हुन्छ।

तपाइँलाई न्यायाधीश वा न्यायिक रेफरीले प्रश्न गरिने छ की तपाईंले माथी व्याख्या गरेको अधिकारहरू बुज्नू भयो भनेर।

तपाइँलाई न्यायाधीश वा न्यायिक रेफरी द्वारा प्रश्न गरिने छ की माथी व्याख्या गरेको अधिकारहरू तपाईंले बुज्नू भयो भनेर। यदि तपाइँसँग तपाइँको अधिकार सम्बन्धी कुनै प्रश्नहरू छन् भने सुनुवाई अघि तपाइँको वकिललाई सोध्नु होस्, वा सुनुवाईको क्रममा न्यायाधीश वा न्यायिक रेफरीलाई सोध्न सक्नू हुन्छ।

यस अदालतलाई कुनै पनि समय तपाईंले यदि ठेगाना परिवर्तन भयोको वा थप अरू सम्पर्क जानकारी प्रदान गर्न आवश्यक पर्छ।

तपाईं, तपाईंको अभिभावक, संरक्षक, वा अन्य जिम्मेवार वयस्क व्यक्तिले कुनै पनि समय यदि ठेगाना परिवर्तन वा थप अरू सम्पर्क जानकारी अदालतलाई प्रदान गर्न आवश्यक पर्छ।

तपाईंको मुद्दा व्यक्तिगत रूपमा जुवेनाइल प्रोसीडिंगहरूमा (Juvenile proceedings) सुनिने छ, जुन निजी हो। यस अदालतमा जुवेनाइल प्रोसीडिंगहरूमा (Juvenile proceedings) सर्वसाधारणले भाग लिन पाउदैन, तदर्थ तपाईंको मुद्दा गोप्य र व्यक्तिगत रूपमा बोलाइने छ।

तपाइँलाई न्यायाधीश वा न्यायिक रेफरी द्वारा प्रश्न गरिने छ की यी माथी व्याख्या गरेको अधिकारहरू तपाईंले बुज्नू भयो भनेर। यदि तपाइँसँग तपाइँको अधिकार सम्बन्धी कुनै प्रश्नहरू छन् भने सुनुवाई अघि तपाइँको वकिललाई सोध्नु होस्, वा सुनुवाईको क्रममा न्यायाधीश वा न्यायिक रेफरीलाई सोध्न सक्नू हुन्छ।